नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले, दैलेख

कर्णाली प्रदेश, नेपाल

प.सं.: २०७८/०७९

च.नं.:

मिति : २०७८/११/०८

**न्युनतम रोजगारमा संलग्न हुनको लागि निवेदन दिनेबारे सूचना ।**

रोजगारको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारको हक सम्बन्धि नियमावली,२०५५ को दफा ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७९/०८० मा रोजगार सेवाकेन्द्रको समन्वयमा प्रदान गरिने (१००) एक सय दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निमार्णका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७८ साल फाल्गुन मसान्त सम्ममा आफुले स्थायी बसोवास गरिरहेको यस गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनका लागि निवेदन दिन हुन अनुरोध छ । साथै सम्बन्धित वडाहरुले आगामी आर्थिक वर्ष २०७९/८० मा संचालन गरिने आयोजनाहरुको फाल्गुन र चैत्र मसान्त भित्र सम्ममा विपन्न बेरोजगार व्यक्ति लक्षित सामाजिक र आर्थिक उन्नतीमा सघाउ पुऱ्याउने गरि तहाँ वडा भेलाको बैठकको निर्णयबाट योजना तर्जुमा कार्य गर्न गराउन हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि आवश्यक मापदण्ड**

१. निवेदन चालु आ.व.मा न्यूनतम सय दिनको रोजगारीमा संलग्न नरहेको,

२. निवेदक १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेको ,

३. नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक रु ५७,७००। भन्दा कम वार्षिक आय भएको परिवार,

४. परिवारको सबै सदस्यको नागरिकता/जन्मदर्ताको फोटोकपी ,

५. हालसालै खिचेको पासपोर्ट साइजको फोटो एक थान,

६. सम्बन्धित वडाको स्थायी बासिन्दा/अन्यत्रबाट बसाई सराई गरी आएमा बसाई सराई को प्रमाणपत्र भएको,

७. वैदेशिक रोजगारीबाट फर्केको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको ,

८. पूर्ण विवरण सहित रित पूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन इच्छुक ,

९. गत आ.व.मा निवेदन दिएको बेरोजगार व्यक्तिले पनि निवेदन दिनु पर्ने ।

**बेरोजगार व्यक्ति छनौट प्रक्रियाको प्राथामिकता कम निर्धारणको आधार :**

१. कृषि उत्पादनले कम्तिमा ३ महिना खान नपुग्ने,

२. बसोवासको लागि आफ्नो घर नभएको परिवार,

३. एकल महिला घरमूली भएको परिवार ,

४. दलित अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवार ,

५. कोही पनि सदस्य रोजगारीमा समावेश नरहेको वा सामाजिक सुरक्षा लगायत सरकारी कोषबाट सुविधा नलिएको परिवार,

६. सहिद तथा बेपत्ता परिएको परिवार,

७. महिला बेरोजगार व्यक्ति ,

८. वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति ।

थप जानकारीका लागि यस गाउँपालिकाको रोजगार सेवाकेन्द्रमा सम्पर्क राख्न सकिनेछ ।

सन्दिप विश्वकर्मा
रोजगार संयोजक

रेशम बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत